## ६८ औ शहिद दिवस समारोह नगर प्रमुख ज्यूको मन्तव्य

माननीय सभासद, अतिथी ज्यूहरु, राज्य र नागरिक समाजका विशिष्ठ व्यक्तित्व एवं उपस्थित सम्पुर्ण महानुभावहरु,

देशको स्वतन्त्रता, राष्ट्रियता र जनजिविका एवं नागरिक अधिकारका निम्ती आफनो जीवनलाई उत्सर्ग गर्नु हुने महान शहिदहरुको सम्मानमा बागलुङ नगरपालिकाद्वारा शहिद दिवस समारोह को यो महत्वपुर्ण अवसरमा आयोजित "प्रथम मेयर कप फुटवल प्रतियोगिताको" शुभारम्भको अवसरमा अमर शहिदहरु प्रति सम्मान एवं श्रद्वाञ्जली व्यक्त गर्दछु ।

अमर शहिदहरु दशरथचन्द्र, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, शुक्रराज शास्त्री र प्रथम शहिद लखन थापा लगायत विभिन्न ऐतिहासिक काल खण्ड र शान्तिपुर्ण जनआन्दोलन र शसस्त्र सघर्षमा शाहदत प्राप्त गर्नु हुने विर शहिदहरुको त्याग र बलिदानको उच्च सम्मान गर्दछु ।

निरंकुश शासन व्यवस्थाको अन्त्य र गणतन्त्रको स्थापनाको लागि ठुलो संख्यामा जेलनेल खेप्ने, यातना व्यहोर्ने, घाइते, अपाङ्ग, वेपत्ता नागरिक लगायत सवै आन्दोलनकारीमा स्मरण गर्दै सम्मान व्यक्त गर्दछु ।

राष्ट्रिय हित, स्वतन्त्रता र संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि दिशानिर्देश गर्ने पुष्पलाल श्रेष्ठ, वि.पी. कोइराला, मनमोहन अधिकारी, गणेशमान सिंह श्रेष्ठ, मदन भण्डारी प्रति सम्मान प्रकट गर्दछु ।

नेपाली जनताले पटक पटक आफ्नो जनआकांक्षा प्रकट गरेका छन । सार्वभौमसत्ता राष्ट्रिय अखण्डता एवं सामाजिक न्याय, लोकतन्त्र र बहुलवादी खुला समाज राजनैतिक स्थायित्व, सुशासन र समृद्विको अपेक्षा गरेका छन् ।

सात दशकको संघर्ष र जन आन्दोलनबाट जन निर्वाचित प्रतिनिधीको सार्वभौम सत्ता सम्पन्न संविधान सभाबाट नेपालको संविधान २०७२ जारी भएको छ । संविधानले परिकल्पना गरे अनुरुप राजनैतिक स्थायित्व र समृद्विको लागि निर्वाचनको माध्यमबाट आम नागरिक आफ्नो अभिमत प्रकट गरेका छन् । जनमतलाई सम्मान गर्ने र लोकतान्त्रिक आचरण, व्यवहार र संस्कारलाई व्यवहारमा लागु गर्ने अपेक्षा गरेका छन् । संविधानले व्यवस्था गरे अनुरुप संघिय संरचना केन्द्रिय सरकार प्रदेश सरकार निर्माण हुदै छन् ।

स्थानीय, प्रदेश र केन्द्रिय सरकारबाट आम नागरिकले राजनैतिक स्थायित्व समृद्वि र सुशासनको अपेक्षा गरेका छन् । यो ऐतिहासिक अवसरलाई गम्भीरता पुर्वक लिदै अधिकार र कर्तव्य लाई पालना गर्नु हाम्रो दयित्व हो । अधिकारको वकालत गर्दा कर्तव्य पालना गर्नु लोकतान्त्रिक संस्कारको अभिन्न अंग हो । स्थानीय सरकारबाट आम नागरिकले शु सासन र समृद्धिको चाहना प्रकट गर्नु स्वभाविक छ ।

आ–आफ्ना श्रोत र साधनलाई सदुपयोग गरेर स्थानीय विशेषतामा आधारित कानूनको निर्माण गर्ने जिम्मेवारी हाम्रो काँधमा छ । हाम्रा विषेशता र आवश्यकतालाई पहिचान गरि हाम्रो नगरलाई "मध्य पहाडी व्यापारिक तथा पर्यटकिय शहर, सुन्दर, समृद्ध सांस्कृतिक नगरको" परिकल्पनालाई साकार पार्न खेलकुदको विकासद्वारा पर्यटनको विकासमा टेवा पुऱ्याउन यूवाहरुको व्यक्तित्व विकास गर्न र हाम्रो प्रदेशको मनोविज्ञान जोड्नका लागि प्रथम मेयरकप फुटवल प्रतियोगिता आयोजना गरि शुभारम्भको अवसरमा उपस्थित हुने सम्पूर्ण अतिथी, खेलाडी सहभागी सवैमा हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

६८औ शहिद स्मृति दिवस र प्रथम मेयरकप फुटवल प्रतियोगितालाई सफल पार्न सहयोग गर्नुहुने सम्पुर्ण अतिथी, राष्ट्रसेवक र आम नागरिक समाजका सवै तह र तप्कामा धन्यवाद एवं आभार प्रकट गर्दछु ।

धन्यवाद ।

जनक पौडेल
नगर प्रमुख